# नागरिक पेन्सन योजना, २०७६ सम्बन्धी वारम्वार सोधिने प्रश्न र उत्तर

**१) नागरिक पेन्सन योजनामा सहभागी हुन के गर्नु पर्दछ ?**

**उत्तरः** कोषबाट उपलब्ध गराइएको KYC फर्म र कार्ड भरी कोषबाट पेन्सन खाता नं. लिनु पर्दछ । अनलाइनमा www.nlk.org.np मा गएर **Pension Yojana Account Opening Registration** मा क्लिक गरी पेन्सन खाता खोल्न सकिन्छ ।

**२) मासिक कति र कसरी जम्मा गर्ने ?**

**उत्तरः** कम्तीमा मासिक रु ५००/- मा नघट्ने गरी मासिक / त्रैमासीक/ अर्धवार्षिक / वार्षिक रुपमा जम्मा गर्न सकिन्छ । यदिबढि रकम जम्मा गर्नु परेमा मासिक जम्मा गर्ने रकमलाई१० ले भाग जानेगरी जति रकम पनि जम्मा गर्न सकिन्छ ।

**३) रकमकुन बैंक खातामा जम्मा गर्ने ?**

**उत्तरः** NIC ASIA Bank को जुनसुकै शाखामा खातावालाको नामः **नागरिक लगानी कोष, नागरिक पेन्सन योजना (CIT NAGARIK PENSION YOJANA)** खाता नं **0544151035217012**, खाता रहेको बैकको शाखाः थापाथली, कर्पोरेट अफिस, काठमाण्डौमा जम्मा गरि बैक भैचर वा अनलाईनमा जुनसुकै माध्यमबाट रकम ट्रान्स्फर गरेको भए सोको रिपोर्ट कोषमा जुनसुकै माध्यमबाट उपलब्ध गराउनु पर्नेछ । यदि कनेक्ट आइपियस अथवा ईसेवाबाट रकम जम्मा गर्दा त्यहाँ रहेको पेन्सन योजनाको सिष्टम प्रयोग गरी जम्मा गरेमा रिपोर्ट पठाउनु पर्दैन ।

**४) पेन्सन कहिले देखि प्राप्त हुन्छ ?**

**उत्तरः** सहभागी साठी वर्ष उमरे पूरा भएको र कम्तीमा १५ वर्ष नियमित रकम जम्मा गरेको हुनु पर्दछ ।

**५) १५ बर्ष रकम जम्मा नहुदै उमेरले ६० बर्ष पुगेमा पेन्सन पाउछ कि पाउदैन?**

**उत्तरः** पाउछ, तर१५ वर्षको रकम एकमुष्ट बाँकी अवधिको किस्तामा जम्मा गरेमा ६० वर्ष पूरा गरे पछि पेन्सन पाउन सक्ने ।

**६) पेन्सन रकम कति प्राप्त हुन्छ ?**

**उत्तरः** पेन्सनको गणना सहभागीले जम्मा गरेको रकम र कोषले दिएको व्याज तथा लगानीबाट प्राप्त प्रतिफल(बोनश) जोडी हिसाव गरि कुल रकमलाई १७० ले भाग गरी आउने रकम मासिक रुपमा आजीवन पेन्सन पाइने ।

**७) पेन्सन प्राप्त गरिरहेको सहभागीको मृत्यु भएमा पेन्सन रकम के हुन्छ ?**

**उत्तरः** निजको श्रीमान वा श्रीमतीले मृतक सहभागीले पाए सरहनै आजीवन पेन्सन पाइरहने । यदि मृतकको श्रीमान् वा श्रीमति पनि पेन्सन होल्डर भएमा मृतकको र अफ्नो दुवै पेन्सन लिन मिल्छ ।

**८) पेन्सन पाउन शुरु गरे पछि निज र निजको श्रीमान् वा श्रीमति दुवैको मृत्यु भएमा पेन्सन रकम के हुन्छ ?**

**उत्तरः** श्रीमान् वा श्रीमती दुवैको मृत्यु भएमा कोषमा सम्बन्धित ब्याक्तीको नाममा वाँकी रहेको बचत रकम निजहरुको कानूनी हकदारलाई प्रदान गरिने ।

**९) पेन्सन नपाउदै सहभागीको मृत्यु भएमा बचत रकम के हुन्छ?**

**उत्तरः** पेन्सन नपाँउदै कसैको मृत्यू भएमा जम्मा रकम, ब्याज र लगानीबाट प्राप्त प्रतिफल(बोनश) सहित निजको हकवालाले एकमुष्ट रकमभूक्तानी पाउने ।

**१०) सहभागी साठी वर्ष उमेर पूरा हुँदा १५ वर्ष रकम जम्मा गरेको भएपनि पेन्सन लिन ईच्छुक नभएमा बचत रकम के हुने ब्यवस्था छ ?**

उत्तरः एकमुष्ट फिर्ता भूक्तानी पाउने ।

**११) पेन्सन नलिई जम्मा भएको रकम फिर्ता लिने प्रावधान के छ ?**

**उत्तरः** जम्मा गर्न शुरु गरेको २४ महिना नपुगी फिर्ता लिन चाहेमा फिर्ता हुने छैन ।तर २४ महिना पछि बचत गर्न नसक्ने उर्पयुक्त कारण( आयश्रोत गुमेमा वा अशक्त भएमा वा वसाई सरी अन्य देश गएमा) सहित निवेदन दिएमा बचतकर्ताको नाममा जम्मा रहेको साँवा रकम एकमुष्ट फिर्ता हुने ।

**१२) यो योजनामा सहभागीले अन्य के के सुविधा प्राप्त गर्दछ ?**

**उत्तरः** यो योजनाका सहभागी बचतकर्तालाई ५ बर्ष पुरा भए पछि ८० (असी) प्रतिशतसम्म सापटी प्रदान हुने । जुनसुकै कारणले बचतकर्ताको मृत्यु भएमा निजको अन्तिम संस्कारको लागि निजको नजिकको आश्रित परिवार सदस्य वा हकवालालाई **दश हजार रुपैयाँ** एकमुष्ठ उपलब्ध हुने । बचतकर्ताले कोषद्वारा तोकिएका निजि अस्पतालमा औषधी उपचार गर्दा लाग्ने खर्चमा छुट सुविधा प्रदान हुने । यसका अलवा अन्य प्रबर्द्धनात्मक सुविधाहरु (सहभागी दुर्धटना विमा, आवाश कर्जा, शैक्षिक कर्जा, सरलचत्र कर्जा) आदि प्रप्त हुन सक्ने ब्यवस्था समेत रहको छ ।

**१३) १५ बर्ष बाँकी नरहदै उमेरले ६० बर्षपुग्ने ब्याक्तीको हकमा यस योजनामा सहभागी हुन मिल्ने वा नमिल्ने ?**

**उत्तरः** मिल्ने । तर बाँकी अवधीकोमासिक किस्ता हिसाव गरी एकमुष्ट जम्मा गर्नु पर्दछ ।

**नागरिक लगानी कोष**
**नागरिक पेन्सन योजना**

**Email:** citpension@gmail.com / citpension@nlk.org.np